## आ.व. २०७७/७८ को ११ औ बैठक

आज मिति २०७८ साल जेठ २३ गते विहान ८ रासी गाउँ कार्यपालिकाका अध्यक्ष श्री नुमानन्द सुवेदीज्यूको अध्यक्षता र तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बस्यो । बैठकको उपस्थिति प्रस्ताव एवं निर्णयहरु तपसिल बमोजिम रहेका छन् ।

### उपस्थिति

अध्यक्ष श्री नुमानन्द सुवेदी , रासी गाउँकार्यपालिका ।
उपाध्यक्ष श्री जगदम्बाकुमारी चौधरी ,रासी गाउँ कार्यपालिका ।
सदस्य श्री टेकबहादुर कुमाल, रासी गाउँ कार्यपालिका ।
सदस्य श्री बेदप्रसाद चौधरी, रासी गाउँ कार्यपालिका ।
सदस्य श्री बिष्णुबहादुर घर्ति क्षेत्री, रासी गाउँ कार्यपालिका ।
सदस्य श्री कुवारी देवी कार्की, रासी गाउँ कार्यपालिका ।
सदस्य श्री जगतबहादुर थापा, रासी गाउँकार्यपालिका ।
सदस्य श्री विष्णु गुरुङ्ग, रासी गाउँकार्यपालिका ।
सदस्य श्री ताराबहादुर डि.सी, रासी गाउँकार्यपालिका ।
सदस्य श्री गोकर्णबहादुर रानामगर, रासी गाउँकार्यपालिका ।
सदस्य श्री गोवर्धन रावत, रासी गाउँकार्यपालिका ।
सदस्य श्री विद्याशरण चौधरी, रासी गाउँकार्यपालिका ।
सदस्य श्री सुनितामल्ल, रासी गाउँकार्यपालिका ।
सदस्य श्री ताराकुमारी चौधरी, रासी गाउँकार्यपालिका ।
सदस्य श्री चन्दर चौधरी, रासी गाउँकार्यपालिका ।
सदस्य श्री रिमबहादुर सुनारी मगर, रासी गाउँकार्यपालिका ।
सदस्य श्री संजिव परियार, रासी गाउँ कार्यपालिका ।
सदस्य सचिव श्री शोभाराम रिजाल, रासी गाउँ कार्यपालिका

### आमन्त्रित

श्री महेश अधिकारी ,कृषि विकास अधिकृत
श्री विश्वास बि.क., शाखा अधिकृत
श्री नारायण राउत , स्वास्थ्य शाखा संयोजक
श्री बासुदेव खनाल, शिक्षा अधिकृत
श्री विकास ज्ञवाली, अधिकृत
श्री बालचन्द्र गुरुङ सुचना प्रविधि अधिकृत
श्री शेर ब हमाल रिजाल पसेप्रा
श्री प्रभु महतो आलेप
श्री सुवास भट्टराई , कम्प्युटर अपरेटर
श्री शिवलाल सुवेदी
श्री झविलाल सुवेदी
श्री अनिल अधिकारी - कृषि अधिकृत
श्री सीमा भट्ट - प्र.पु.
श्री जिवन कुमार जि.सी. - प्र.वि.नि.
श्री. अशोक बेल्वासे - इन्जिनियर

## मिति २०७८ साल जेठ २३ गते बसेको कार्यपालिका बैठकका निर्णयहरु :

निर्णय नं. १ - वडा कार्यालय तथा विषयगत शाखाबाट आएका आ.व. २०७७।७८ मा सम्पन्न हुन नसक्ने योजना तथा कार्यक्रमको नाम (पछि रकम फरक नपर्ने गरी) मिति २०७८।०२।२५ सम्म पेश गर्ने ।

निर्णय नं. २- गाउँकार्यपालिका तथा वडा कार्यालयहरु मिति २०७८।०२।२६ देखि स्वास्थ्य सुरक्षा मापदण्ड पालना गरी / गराई खुला गर्ने ।

निर्णय नं. ३ – सुरक्षित नागरिक आवास कार्यक्रम अन्तरगत जिल्लास्तरिय समितिद्वारा तोकिएको कोषमा नबढ्ने गरी छुट लाभग्राहीको छनौट गरी सिफारिस गरिदिन जिल्ला स्तरिय समितिमा पठाउने ।

निर्णय नं. ४- वडा नं. ४ को वडा कार्यालय तथा विउ विजन प्रसोधन केन्द्रको भवन निर्माणका लागस Site Clearance तथा ढल व्यवस्थापनका लागि ह्युम पाईप गाड्ने कार्यको लागि १५ लाख चालु तथा पुजिँगत खर्चबाट व्यहोर्ने र कोटेसन पकृयाबाट निर्णय गरी अगाडी बढाउने ।

निर्णय नं. ५ – कसेली घर निर्माणको लागि सिलबन्दी दरभाउ पत्रमा नियमानुसारको संख्यामा कोटेशन पकृया मार्फत कार्य अगाडी बढाउने ।

निर्णय नं. ६- प्रकोप व्यवस्थापन कोषमा खर्च हुन नसकेका वडास्तरीय तथा पालिका स्तरीय चालु खर्च रकमान्तर गरी ६० लाख पुऱ्याउने ।

निर्णय नं. ७ – दलित सामुदायिक भवन निर्माण कार्यका लागि छुट्याईएको १० लाख मध्ये २ लाख ५० हजार सामुदायिक भवन निर्माणमा स्थल तारवार तथा ७ लाख ५० हजार बराबरको रकम पालिकास्तरिय दलित संजालको निर्णयानुसार छनौट भएका घरधुरीलाई जस्तापाता खरिद गरी वितरण गर्ने ।

निर्णय नं. ८- कोभिड १९ को रोकथाम नियन्त्रण तथा उपचारमा संलग्न स्वास्थ्यकर्मी र अन्य कर्मचारीहरुलाई मापदण्ड बनाई जोखिम तथा प्रोत्साहन भत्ता उपलब्ध गराउने ।

निर्णय नं. ९ - दाङ देउखुरीका चार वटै स्थानीय तहको सहकार्यमा लमहिमा स्थापित देउखुरी पालिकस्तरिय अस्थायी कोभिड अस्पताललाई प्रकोप व्यवस्थापन कोषबाट रु २०,००,०००/- उपलब्ध गराउने ।

निर्णय नं. १०- सामुदायिक विकास मञ्चले तयार गरेको राप्ती गापाको स्थानीय आपतकालिन कार्यसञ्चालन केन्द्रको सञ्चालन कार्यविधि स्विकृत गर्ने ।

निर्णय नं.११:विभिन्न वडाहरुबाट आएका सम्पन्न हुन नसकेका योजनाहरुको हकमा ३ दिनभित्र सम्झौता गर्ने । सम्पनन्न गर्न नसकिने तर अति आवश्यक भएमा आगामी बजेटमा प्राथमिकता दिई समावेश गर्ने ।

निर्णय नं १२: विषादी खरिद शिर्षकलाई ट्याकी खरिदमा रकमान्तर गरी वडा कार्यालय मार्फत निशुल्क वितरण गर्ने साथै सुरक्षित पहिरनलाई पनि वडा कार्यालय मार्फत निशुल्क वितरण गर्ने ।

निर्णय नं १३ : सहकार्यमा वंगर प्रवर्द्धन कार्यक्रममा ५० प्रतिशत संघ र ५० प्रतिशत स्थानीय तहले व्यहोर्ने भनिएकोमा स्थानीय तहले व्यहोर्ने रकम किसान आफैले व्यहोर्ने गरी सञ्चालन गर्ने ।

शोभाराम रिजाल
प्रमुख प्रशासकिय अधिकृत